श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी श्री **बसन्त राज गौतम**बाट भएको

**<u>फैसला</u>**

सम्बत् २०७०/०७१ सालको स.फौ.नं.३३/५९(**हातहतियार**)

<u>दर्ता मिति :– **२०७०**/०७/०६</u>

मुद्दा :– <u>हातहतियार खरखजाना</u> ।

<u>निर्णय नं.५६६</u>, <u>मिति :– **२०७१/०८**/०२</u>

| <u>वादी</u> | <u>प्रतिवादी</u> |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले | जिल्ला सिन्धुली, झागाझोली रातमाटा गा.वि.स. वडा नं. ९ बस्नेजगतबहादुर सिजालीको छोरा बर्ष २३ को नवराज थापा भन्ने नवराज सिँजाली............................................................ .१ |
| **नेपाल सरकार**.......१ | जिल्ला मकवानपुर, दामन गा.वि.स.वडा नं.९ बस्ने बीरबहादुरको छोरा वर्ष २४ को सोमबहादुर पाखिन............................................१ |
| निजको प्रमाण.................................. | निजको प्रमाण................................................................. |
| साक्षी........................................... | साक्षी........................................................................... |
| कागज.......................................... | कागज........................................................................ |

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

(१) का.जि.महादेवस्थान गा.वि.स.वडा नं.३ स्थित पूर्वमा खाली जग्गा, पश्चिममा खाली जग्गा, दक्षिणमा नाम थाहा नभएको व्यक्तिको ३ तले पक्की घर र उत्तरमा खाली जग्गा रहेको यति चारकिल्ला भित्र रहेको लोकबहादुर कुँवरको दक्षिण मोहडा भइ बनेको पाँच तले पक्की घरको मुल ढोकाबाट भित्र प्रवेश गरी दोश्रो तलाको चार कोठाहरु मध्य दक्षिण पूर्वको नवराज थापा भन्ने नवराज सिंजाली डेरा गरी बसेको कोठा बन्द अवस्थामा रहेकोले खोली सो कोठाको दक्षिण तर्फ स्टिलको दराज खोली हेर्दा दराज भित्र रहेको ३ वटा ऱ्याक मध्य दोश्रोमा लुकाइ छिपाइ राखेको काठ र फलामले बनेको ९.५ ईन्च लामो फलामको नाल भएको जम्मा लम्वाई १५ ईन्चको भरुवा बन्दुक थान-१ लोड नगरेको अवस्थामा फेला पारी बरामद गरिएको भन्ने खानतलासी एवं वरामद मुचुल्का ।

(२) मिति २०७०/०६/१३ गते दिनको अं.१०.०० बजेको समयमा का.जि.महादेवस्थान गा.वि.स.वडा नं.३, जि.मोरङ्ग वमखन गा.वि.स.वडा नं.८ घर भई बस्ने बर्ष ४५ को राजकुमार राईलाई जि.मकवानपुर दामन गा.वि.स.वडा नं.८ घर भई बस्ने वर्ष २४ को सोम बहादुर पाखिनले पटक-पटक ज्यान मार्ने धम्की दिएकोले सोम बहादुर पाखिनलाई झिकाई कारवाही गरी पाँउ भन्ने राजकुमार राईको मौखिक उजुरीको आधारमा निज सोमबहादुर पाखिनलाई महानगरीय प्रहरी परिसर भक्तपुरमा ल्याई सोधपुछ गर्ने क्रममा प्रतिवादी नवराज थापासँग हतियार छ भन्ने जानकारी प्राप्त हुना साथ निज प्रतिवादी नवराज थापाको कोठा खानतलासी गर्दा बन्दुक थान-१ फेला परी वरामद गरी निज प्रतिवादी नवराज थापालाई समेत पक्राउ गरी कारवाहीको लागि दाखिला गरिएको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन ।

(३) म घरको प्लाष्टर गर्ने क्रममा जि.मकवानपुर दामन गा.वि.स.वडा नं.९ घर बताउने भक्तपुर वालकोट-४ बस्ने सोमबहादुर पाखिनसँग चिनजान भई कहिले काही काम समेत सँगै गर्ने गरेकोले हामीहरुको फोन सम्पर्क समेत भई रहने गर्दथ्यो । यसै क्रममा गत भाद्र महिनामा कामबाट छुटी कोठा तर्फ जाने क्रममा

कलंकी पुग्दा निज सोमबहादुर पाखिनले फोन गरी म कलँकीमा नै छु ,घर जान गाडी पाइन , आज तिम्रो कोठामा नै जान्छु भनेकोले भेटी सँगै कोठामा गई विहान उठी निज हिड्ने वेलामा झोलामा भएको हतियार उज्यालोमा कसरी लैजाने, पछि लैजान्छु भनी सो झोला राख्न दिएकोले दराजमा राखेकोमा सो पश्चात निज नआएको हुँदा सोही कोठामा नै राखेको अवस्थामा मिति २०७०।०६।१३ गते प्रहरी सहित निज सोमबहादुर पाखिन आई मलाई समेत पक्राउ गरी लगी सोधपुछको क्रममा मेरो कोठामा भरुवा बन्दुक भएको भनेपछि सो भरुवा बन्दुक प्रहरीले बरामद गरी महानगरीय प्रहरी बृत्त,कालिमाटीमा पठाएको हो । उक्त हतियार मैले ल्याई राखेको होइन । निजले के कँहाबाट ल्याई मलाइ दिएका हुन थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी नवराज थापा भन्ने नवराज सिँजालीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान बयान ।

(४) घरमा प्लाष्टर गर्ने क्रममा चिनजान भएका नवराज थापाले भेटघाट भई गफ गर्ने क्रममा तिम्रो गाउँमा कामीले बन्दुक बनाउछ बनाउदैन भनी सोधेकोले थाहा भएन भनि बताएको थिए, २०७० साल श्रावण महिनामा घर जाने क्रममा निज नवराज समेत पालुङ्ग गएकोले सोही समयमा निजलाई सूर्य कामीको घरमा लगी निजसँग भरुवा बन्दुक छ छैन भनी सोध्दा पुरानो छ, छोटो छ भनेकोले देखाई दिनु, उसले घर लान्छु भनेको छ भनी म निजलाई छाडी घर गई बसेकोमा, घरमा आमा विरामी भएकोले आमालाई उपचारको लागि काठमाण्डौ ल्याई बस्ने क्रममा पछि नवराज थापासँग भेट हुदा सो समयमा हतियार ल्याएको रहेनछ, काठ कुहिएकोले अर्को काठ फेरेर बनाई दिन्छु भनेको रहेछ । निज कहिले गई ल्याए थाहा भएन । एकै पटक भाद्र महिनाको अन्तिमतिर नवराजले वालकोट भक्तपुर स्थित डेरा कोठामा काम गर्न आउदाको अवस्थामा उक्त बन्दुक साथै लिई आई ६/७ दिनसम्म मेरो कोठामा राखेकोमा पछि आफैले लिएर कोठामा गएको हो । पछि मैले काम गरेको ठाउँमा ठेकेदार राजकुमार राईले मलाई काम गरेको पैशा नदिएकोले मैले निजलाई गाली गर्दा म उपर उजुरी गरी प्रहरीले सोधपुछ गर्दा हामीसँग बन्दुक भएको भन्ने खुल्न आई नवराजसँग छ ,भनेपछि नवराजलाई पक्राउ गरी निजको डेरा कोठाबाट सो हतियार बारमद भई आएको हो । मैले सो हतियार लिएर आएको होइन, मैले निज नवराजलाई हतियार बनाउने सूर्य कामीलाई भेटाई दिएको हुँ, बालकोट स्थित मेरो कोठमा उक्त हतियार ल्याई राखी दिन भनेकोले ६/७ दिन राखी दिई पछि निजले नै लगेका थिए भन्ने अधिकार प्राप्त अधिकारी समक्ष प्रतिवादी सोमबहादुर पाखिनले गरेको वयान ।

(५) प्रतिवादी नवराज थापा भन्ने नवराज सिंजालीले पछि ततिम्बा बयान गर्दा उक्त बन्दुक आफैले माथि सोमबहादुर पाखिनले वयानमा उल्लेख गरे अनुसारकै स्थानबाट खरिद गरेको भनी अधिकार प्राप्त अधिकारी समक्ष स्वीकार गरी बयान गरेको ।

(६) पक्राउ पर्ने प्रतिवादी नवराज थापा भन्ने नवराज सिँजाली स-परिवार मेरो घरमा बस्दै आएकोमा एक्कासी मिति २०७०।०६।१३ गते विहान म आफ्नै घर अगाडि रहेको अवस्थामा निज नवराज र अन्य दुई जना व्यक्ति सहित ट्याक्सीमा आई निजको कोठामा गई केहि समय पछि निस्की सो को पर्सीपल्ट मात्र निजकै श्रीमतीले मलाई मेरो श्रीमानलाई भरुवा बन्दुक ल्याई राखेको, सोही कोठाबाट बरामद गरी पक्राउ गरी लगेको भन्ने कुरा भनेकोले थाहा पाएकोले के कसरी राखेको थियो भनी सोध्दा कोठाको स्टिलको दराजको भित्रीपट्टी भागमा राखेको रहेछ, मलाई थाहा थिएन भन्ने कुरा गरेकोले श्रीमान् अहिले कँहा छन् भन्दा भक्तपुरबाट हनुमाढोका हुदै कालिमाटीमा ल्याएको र सो हतियार ल्याई राखेको पहिला देखेको समेत थिएन, निज श्रीमान् समेत भई मकवानपुरबाट किनेर ल्याएको भन्ने कुरा निजको श्रीमतीबाट थाहा पाएको हो । उक्त अवैध हतियार बन्दुक लिइ श्रीमान् तथा सोमबहादुर पाखिन समेत भई ठाउँ ठाउँमा साथै राखी लिई हिड्ने गरेको भन्ने समेत बुझिन आएकोले निजहरु उपर कानून बमोजिम कारवाही गरिनु पर्छ भन्ने समेत व्यहोराको बुझिएका मानिस लोकबहादुर कुँवरको घटना विवरण कागज ।

(७) संकलित कागज प्रमाणहरु, मौकामा बुझिएका लोकबहादुर कुँवर, प्रतिवादीहरु नवराज थापा भन्ने नवराज सिँजाली र सोमबहादुर पाखिनले गरेको वयान समेतका आधार प्रमाणहरुबाट प्रतिवादीहरुले एक आपसमा मिलेमतो र सरसल्लाह गरी अवैध हतियार भरुवा बन्दुकको खरिद,ओसार/पसार गरी आफ्ना साथमा राखेको पुष्टि भएकोले निज प्रतिवादीहरु नवराज थापा भन्ने नवराज सिँजाली र सोमबहादुर पाखिनलाई हातहतियार खरखजाना ऐन,२०१९ को दफा ३(२),४(२) ५(१) विपरीतको कसूर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम सजाँय गरी वरामद अवैध हतियार भरुवा बन्दुक सोही ऐनको दफा १६ बमोजिम जफत हुन मागदावी सहितको अभियोग-पत्र पेश भएको ।

(८) मुचुल्कामा उल्लेखित भरुवा बन्दुक मेरो कोठाबाट वरामद भएको ठीक हो,सोमबहादुर पाखिनसँग मागेर ल्याएको हो, गाँउ तिर लगेर वादर तर्साउन भनी मागेर ल्याएको हो, गाँउ तिर जानु अघि नै कोठा भित्र लुकाएर राखेको

अवस्थामा वरामद भएको हो भन्ने व्यहोराको प्रतिवादी  नवराज थापा भन्ने नवराज सिँजालीले यस कार्यालयमा गरेको बयान ।

(९) मिसिल कागजातहरुमा संलग्न वरामद भएको भरुवा बन्दुक नवराज थापाले पालुङ्गको सूर्य कामीबाट ल्याएको हो,सूर्य कामीसँग मैले चिनजान गराएको हुँ, सूर्य कामीकोबाट निजले ल्याई पहिले आफ्नै कोठमा राखेको रहेछ,पछि मेरो कोठमा ल्याई मेरो कोठमा ६/७ दिन सम्म राख्यो, त्यसपछि निज नवराज थापाले लिई गएको हो, सो भरुवा बन्दुक मेरो होइन,कसैलाइ नभन्नु नदेखाउनु भनेकोले प्रहरीलाई खवर नगरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी सोमबहादुर पाखिनले यस कार्यालयमा गरेको बयान ।

(१०) प्रतिवादी नवराज थापा भन्ने नवराज सिँजालीले बन्दुक मेरो होइन भनी यस कार्यालयमा वयान गरेको भएता पनि बन्दुक निजको कोठाबाट वरामद भएको स्वीकार गरेको । अर्का प्रतिवादी सोमबहादुर पाखिनले उक्त बन्दुक मेरो होइन नवराजले ६/७ दिनसम्म मेरो कोठमा राखेको भनी वयान गरेका छन,अत:प्रतिवादीहरुले यस कार्यालयमा र मौकामा गरेको वयान,वरामदी मुचुल्का समेतका तत्काल प्राप्त प्रमाणका आधारमा प्रतिवादीहरु निर्दोष छन् भन्ने अवस्था नदेखिएकोले पछि बुझ्दा प्राप्त हुने प्रमाण समेतको आधारमा मुद्दा किनारा हुदा ठहरे बमोजिम हुने गरी नवराज थापा भन्ने नवराज सिँजालीको हकमा हातहतियार खरखजाना ऐन २०१९को दफा २४(क) बमोजिम थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु, अर्का प्रतिवादी सोमबहादुर पाखिनको हकमा बन्दुक निजको पनि नभएको र निजको सँग साथबाट पनि वरामद भएको नदेखिदा हाललाई अ.वं.११८ को देहाय दफा ५ र १० समेत बमोजिम रु ६०,०००।- नगद वा सो वरावरको जेथा जमानत दिए लिई तारेखमा राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने समेत यस कार्यालयबाट मिति २०७०।०७।११ मा भएको थुनछेक आदेश ।

## यस कार्यालयको ठहर

(११) नियम बमोजिम मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ इजलाश समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्धान जिल्ला न्यायाधिवक्ता कृष्णजंग शाहले गर्नु भएको बहस सुनियो । मिति २०७०।६।१३ गतेका दिन काठमाण्डौं जिल्ला महादेवस्थान गा.वि.स.वडा नं.३ स्थित लोकबहादुर कुँवरको घरमा डेरा गरी बसेका प्रतिवादी नवराज थापाको डेरा खानतलासी गर्दा भरुवा बन्दुका थान १ फेला परेको र उक्त बन्दुक ल्याउने कार्यमा प्रतिवादी सोमबहादुर पाखिनको समेत संलग्नता पुष्टि भएकाले प्रतिवादी नवराज थापा भन्ने नवराज सिँजाली र सोमबहादुर पाखिनलाई **हातहतियार खरखजाना ऐन**,२०१९ को दफा ३(२),४(२) र ५(१) विपरितको कसूरमा ऐ. दफा २०(२) बमोजिम सजाँय गरी वरामद बन्दुक ऐ. दफा १६ वमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

यसमा यी प्रतिवादीहरुले अभियोग मागदावी कसूर गरेका हुन होइनन् , कसूर गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आयो ।

मिसिल संलग्न कागजात अध्ययन गरी निर्णय तर्फ विचार गर्दा मिति २०७०/६/१३ गतेका दिन प्रतिवादी नवराज थापा भन्ने नवराज सिँजालीको डेरा कोठाबाट भरुवा बन्दुक थान १ वरामद भएको र सो वरामदी मुचुल्कामा प्र. नवराज थापाले रोहवरमा बसी सहीछाप गरेको देखिन्छ । अनुसन्धानको क्रममा प्र. नवराज थापाले सोमबहादुर पाखिनले मकवानपुर दामनमा हतियार वनाउने व्यक्तिलाई चिनाई दिएको र गाउमा लगी ढेडु वादरलाई तर्साउन किनेर ल्याए पछि सोमबहादुरलाई देखाउन वालकोट स्थित निजको कोठामा लगी ६/७ दिन राखेको हुँ, अन्य कुनै उद्धेश्यले होइन भनी खुलाई यस कार्यालय समक्षको वयानमा सोही व्यहोरा समर्थन गरी खुलाएका रहेछन । प्रतिवादी सोमबहादुर पाखिनले अनुसन्धानको क्रममा नवराजले बन्दुक आफ्नो डेरा कोठामा ६/७ दिन राखेको, अन्य व्यक्ति सँगको विवादमा प्रहरीले सोधपुछ गर्दा हामीसँग हतियार भएको कुरा खुलेको, नवराजलाई हतियार बनाउने व्यक्तिसँग आफुले भेटाई दिएको भनी वयान गरी यस कार्यालयमा समेत सोही व्यहोरा समर्थन गरी वयान गरेको देखिन्छ । अनुसन्धानको क्रममा बुझिएका मानिसहरुले नवराज थापाको डेरा कोठाबाट हतियार वरामद भएको र उक्त हतियार ( भरुवा बन्दुक ) ल्याउने राख्ने कार्यमा प्र. सोमबहादुर पाखिनको समेत संलग्नता रहेको भनी खुलाएका रहेछन् । वरामद भई आएको हतियार Local Made (Home Made) muzzle Loading gun भन्ने व्यहोराको हतियार परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेछ । प्रतिवादीमध्येका सोमबहादुर पाखिनले यस

कार्यालयबाट तोकिएको तारेख गुजारी बसी आफ्नो साक्षी प्रमाण केही पेश नगरेको र प्र. नवराजले समेतले आफ्ना साक्षी प्रमाण पेश नगरी आफू विरुद्धको अभियोग खण्डन गर्न सकेको देखिएन । अतः माथि विवेचना गरिएका तथ्यहरुका आधारमा प्रतिवादीमध्येका सोमबहादुरले भरुवा बन्दुक खरिद गर्ने प्रयोजनका लागि प्र. नवराजलाई सम्वन्धित व्यक्तिसँग चिनजान गराई मध्यस्थता गरी दिएको, आफ्नो डेरामा ६/७ दिन बन्दुक राखेको र अन्य व्यक्तिसँगको विवादमा आफुहरुसँग बन्दूक भएको खुलाएको र प्र. नवराज थापाले बन्दूक खरिद गरी आफ्नो डेरा कोठामा राखेको तथ्यमा कुनै विवाद देखिएन । तसर्थ प्रतिवादीहरु सोमबहादुर पाखिन र नवराज थापा भन्ने नवराज सिँजालीले अभियोग दावी बमोजिम विना लाइसेन्स हातहतियार ल्याउने लैजाने र साथमा राख्ने  गरेको कसूर गरेको ठहर्छ । सो ठहर्नाले सजाँय तर्फ विचार गर्दा प्र. नवराज थापा मिति २०७०।६।१३ मा पक्राउ परी मिति २०७०।७।११ को आदेशले पूर्पक्षका लागि हालसम्म थुनामा रहेको, वरामद हतियार घरेलु उत्पादित भरुवा बन्दूक रहेको, सो बन्दूक प्रयोग गरी अन्य कुनै कसूर गरेको नदेखिएको र प्र. सोमबहादुर पाखिनले बन्दूक खरिद प्रक्रियामा मध्यस्थ कर्तासम्म रहेको, निजको साथबाट हतियार वरामद नभएको तर आफुहरुसँग बन्दूक भएको भनी अन्यत्रको विवादमा खुलाएकोसम्म देखिएकाले निजहरुलाई कैदको सजाँय गर्दा चर्को हुने  भएकाले हातहतियार खरखजना ऐन,२०१९ को दफा २०(२) बमोजिम जनही रु ६०,०००।-( साठी हजार ) जरिवाना हुन्छ । वरामद भई आएको भरुवा बन्दूक ऐ. दफा १६ बमोजिम जफत हुन्छ । अरुमा तपसील बमोजिम गर्ने गरी मु.ऐ.अ.वं. १८६ नं.बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु नवराज थापा भन्ने नवराज सिँजाली र सोमबहादुर पाखिनलाई जनही रु ६०,०००।-(साठी हजार ) जरिवाना हुने ठहरेकोले प्रतिवादी सोमबहादुर पाखिनले मुद्दा पूर्पक्षका लागि मिति २०७०।१०।२८ मा र.नं. २१८१ बाट राखेको धरौटी रकम रु ६०,०००/-राजश्वमा सदरस्याहा गर्नु र प्रतिवादी नवराज थापा भन्ने नवराज सिँजालीले आफुलाई भएको जरिवाना रकम दाखिला गर्न ल्याएमा निज अनुसन्धानको क्रम देखि हिरासतमा बसेको अवधिको गणना गरी हुन आउने जरिवाना रकम बुझि निजलाई थुनाबाट छाडि दिनु । जरिवाना रकम नबुझाएमा नियमानुसार कैदीपूर्जि दिनू ........................................................................१

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.......................................................२

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु नवराज सिंजाली र सोम बहादुर पाखीनलाई पुनरावेदन म्याद दिनु......................... ३

जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौंलाई प्रस्तुत फैसलाको जानकारी दिनू...........................४

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू.५

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...................................................................६

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भएबमोजिम लेख्ने
ना.सु.परशुराम थापा

..................................
(बसन्त राज गौतम)
प्रमुख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल आश्विन २ गते रोज ५ शुभम् .......